# लोक संस्कृति संरक्षण र प्रर्वद्धनका लागि गीत, संगीत रेकर्डिङ कार्यक्रम सम्बन्धी कार्यविधि, २०८०

**<u>प्रस्तावना:-</u>** लुम्बिनी प्रदेशमा रहेका लोक संस्कृति संरक्षण र प्रवर्द्धनका लागि गीत संगीत को रेकर्डिङ्ग गर्ने कार्यलाई प्रोत्साहन गर्न प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ (१) वमोजिम गृह मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधि को नाम "लोक संस्कृति संरक्षण र प्रर्वद्धनका लागि गीत संगीत रेकर्डिङ्ग सम्वन्धी कार्यविधि,२०८०" हुनेछ ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

(३) यो कार्यविधि लुम्बिनी प्रदेशभर लागू हुनेछ ।

२. **<u>परिभाषा:-</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) 'मन्त्रालय' भन्नाले 'गृह मन्त्रालय' सम्झनु पर्छ ।

(ख) 'लोक संस्कृति' भन्नाले प्रदेशमा परम्परागत रुपमा मनाइदै आएका विभिन्न समुदायसँग सम्बन्धित चाडवाड, गीत संगीत, नृत्य, भेषभूषा, रितिरिवाज, भाषा आदिलाई सम्झनुपर्छ ।

(ग) 'गीत संगीत रेकर्डिङ्ग' भन्नाले दुर्गम क्षेत्रका हिमाली र पहाडी भू:भागमा रहेका परम्परागत लोक भाका र लोक गायनलाई संरक्षण, प्रबर्द्धन र प्रोत्साहन गर्ने कार्यलाई सम्झनुपर्छ ।

३. **<u>उद्देश्यः</u>** (१) यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम हुनेछनः-

(क) प्रदेशका दुर्गम क्षेत्रका हिमाली र पहाडी भूभागमा रहेका लोक भाका र लोक गायनको गीत संगीत रेकर्डिङ्गमा सहयोग गरी प्रोत्साहन गर्ने ।

(ख) प्रदेश भित्रका लोक संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने ।

४. **<u>गीत संगीत रेकर्डिङ्गमा सहयोग सम्बन्धी व्यवस्थाः-</u>**

१) प्रदेश भित्र रहेका लोक संस्कृतिसंग सम्वन्धित गीत संगीतको रेकर्डिङ्गमा सहयोग पुऱ्याउन मन्त्रालयले देहाय वमोजिमको कार्य गर्नेछः-

(क) प्रदेशमा रहेको हिमाली जिल्ला (पूर्वी रुकुम) र पहाडी जिल्लामा रहेका लोक गायकहरुलाई मन्त्रालयमा सूचीकृत हुन सूचना प्रकाशित गर्ने ।

(ख) सूचीकृत लोक गायकहरुको अभिलेख राखि निजहरुले लोक संस्कृतिसग सम्वन्धित गीत संगीतमा योगदान पुऱ्याएको देखिएमा रेकर्डिङ गर्न प्रोत्साहन गर्ने ।

(ग) गीत संगीतको रेकर्डिङ्ग कार्यलाई सहयोग पुऱ्याउने ।

**५. लोक गायकहरुले सूचिकृत हुन पेश गर्नुपर्ने कागजातहरुः**

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) निजको हालसालै खिचेको फोटो,

(ग) लोक गायक गीत संगीत को क्षेत्रमा रुचीकर रही निजमा उक्त क्षमता रहेको भन्ने व्यहोराको स्थानीय तहको सिफारिस ।

६. **सिफारिस समितिः-** (१) मन्त्रालयमा सूचिकृत भएका लोक गायकहरुको छनौट गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ ।

(क) महाशाखा प्रमुख, सूचना प्रविधि महाशाखा - संयोजक
(ख) अधिकृत प्रतिनिधि, संस्कृति हेर्ने मन्त्रालय - सदस्य
(ग) लोक गायक प्रतितिधि - सदस्य
(घ) संगीतकार प्रतिनिधि - सदस्य
(ग) शाखा अधिकृत, सञ्चार शाखा - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले सूचीकृत मध्येबाट लोक गायकको छनौट गरी निर्णय गर्न मन्त्रालयको सचिव समक्ष सिफारिस गर्नेछ ।

(३) सिफारिस गरिएका लोक गायकहरुको योग्यता र क्षमताको आधारमा मन्त्रालयको सचिवले छनौट गर्नेछ ।

(४) लोक गायकको छनौट गर्दा स्थानीय स्तरमा लुकेर रहेका प्रतिभाहरुको पहिचान गरी, लोक संगीतको पहुँच र पहिचानमा पुग्न नसकेका विपन्न लोक गायकहरुलाई प्राथमिकतामा राखिनेछ ।

(५) लोक गायकहरुको छनौट गर्दा लैङ्गिक समानताको समेत आधार लिइनेछ ।

७. **गित संगीत रेकर्डिङ्ग गर्ने संस्थाको छनौटः** (१) छनौट भएका लोक गायकहरुको गीत संगीत रेकर्डिङ्गको लागि संस्थाको छनौट गर्न मन्त्रालयबाट १५ (पन्ध्र) दिनको सूचना प्रकाशित गरिनेछ ।

(२) योग्य संस्थाहरुले रेकर्डिङ्ग पूर्वाधार, अनुभव, स्थान, प्रस्तावित रकम र दर्ता, नविकरण तथा कर चुक्तासँग सम्बन्धित आवश्यक कागजात सहित मन्त्रालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(३) प्राप्त निवेदनहरु मध्येबाट सबैभन्दा योग्य र सक्षम संस्थालाई मन्त्रालयले रेकर्डिङ्गको लागि छनौट गर्नेछ ।

८. **मूल्याङ्कन समितिः** (१) गित संगीत रेकर्डिङ्ग गर्ने संस्थाको छनौटको लागि देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

(क) प्रमुख, सूचना तथा संचार प्रविधि महाशाखा - संयोजक
(ख) इन्जिनियर, सूचना प्रविधि प्रतिष्ठान - सदस्य
(ग) कानून अधिकृत, मन्त्रालय - सदस्य
(घ) अधिकृत प्रतिनिधि, संस्कृति हेर्ने मन्त्रालय - सदस्य
(ङ) शाखा अधिकृत, संचार शाखा - सदस्य सचिव

(२) समितिले लोक संस्कृतिसँग सम्बन्धित व्यक्तिलाई विज्ञ सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिले संस्था छनौट गरी निर्णयको लागि मन्त्रालयको सचिव समक्ष पेश गर्नेछ ।

(४) छनौट भएका गीत संगीत रेकर्डिङ्ग संस्थाले ७ दिनभित्र संझौता गरिसक्नुपर्नेछ ।

(५) छनौट भएका संस्थाले रेकर्डिङ्ग गरिएका गीत संगीतहरुको उत्पादन तथा बजारीकरणको कार्य समेत गर्नुपर्नेछ ।

९. <u>रकम भुक्तानी प्रक्रियाः-</u> (१) रेकर्डिङ्गको काम सम्पन्न भएपश्चात संस्थाले विल/भर्पाई संलग्न गरी भुक्तानीको लागि मन्त्रालय समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(२) संस्थाले पेश गरेको रेकर्डिङको प्रमाणको मुल्यांकन गरी मन्त्रालयले बैङ्क खाता मार्फत भुक्तानी दिनेछ ।

१०. <u>वजेट व्यवस्थाः-</u> (१) यस कार्यविधी वमोजिम बजेटको व्यवस्था मन्त्रालयको स्वीकृत कार्यक्रम वमोजिम हुनेछ ।

११. <u>वाधा अड्काउ फुकाउनेः</u> (१) यस कार्यविधि कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा मन्त्रालयले वाधा अड्काउ फुकाउन सक्नेछ ।